# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## कुसे गाउँपालिका
## जाजरकोट





**महालेखापरीक्षकको कार्यालय**

काठमाडौं, नेपाल

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## कुसे गाउँपालिका

### जाजरकोट




**महालेखापरीक्षकको कार्यालय**

**काठमाडौं, नेपाल**

# महालेखापरीक्षकको
# पाँचौं वार्षिक प्रतिवेदन
# २०७९

## कुसे गाउँपालिका

जाजरकोट

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (VISION)

प्रवर्द्धन गर्ने विश्वसनीय संस्था

*(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य (MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

*(Provide independent and Quality Audit Service to Nation)*

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | *(Integrity)* |
| स्वतन्त्रता | *(Independence)* |
| व्यावसायिकता | *(Professionalism)* |
| पारदर्शिता | *(Transparency)* |
| जवाफदेहिता | *(Accountability)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानून बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम स्थानीय तहको २०७८/७९ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, नेपाल सरकारी लेखापरीक्षण मान, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको उद्देश्यमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु साथै स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु रहेको छ । आर्थिक वर्ष २०७८/७९ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर राय सहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

यस वर्षको लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आवश्यक कानुनहरु तर्जुमा नगरेको, तर्जुमा भएका कानुनहरु राजपत्रमा प्रकाशन नगरेको, आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय न्यून रहेको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरीत सोझै खरिद गरेको, प्रशासनिक खर्च बढ्दै गएको बाँकी अनुदान बर्षान्तमा फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्च गरेको लगायतका छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, टुक्रे आयोजनाको छनौट गरी खर्च गरेको, विस्तृत आयोजना प्रतिवेदन तयारीमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ दरबन्दी अनुसार पदपूर्ति नभएको, दरबन्दी वेगरका कर्मचारी नियुक्ति गरेको, उपभोक्ता समितिको कार्यमा सेवा प्रवाह सहज र व्यवस्थित नभएको, सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणालीमा जिन्सी एंव सम्पत्ति अभिलेख नराखेको, सञ्चालित योजना, कार्यक्रम तथा सेवा प्रवाहको अभिलेख नराखेको, बैङ्क हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहेको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजू फर्स्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू आवश्यक कारवाही गरी वित्तीय अनुशासन कायम गर्नुपर्दछ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको छ। लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण कार्यमा संलग्न यस कार्यालयका कर्मचारीहरूको कार्यसम्पादनको उच्च मूल्याङ्कन पार्दै विशेष धन्यवाद दिन चाहन्छु।

**(टंकमणि शर्मा दंगाल)**
**महालेखापरीक्षक**

२०७९ चैत्र

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal

**प्रदेश लेखापरीक्षण महानिर्देशनालय**
(कर्णाली प्रदेश)

पत्र संख्याः २०७९।८०
च.नं. ६७ मितिः २०७९।१२।२९

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
कुसे गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
जाजरकोट ।

**कैफियत सहितको राय**

हामीले कुसे गाउँपालिकाको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेस भएको २०७९ आषाढ ३२ मा समाप्त भएको आर्थिक वर्ष २०७८/७९ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाले महालेखापरीक्षकबाट स्वीकृत नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचा पूर्ण रुपमा प्रयोग गरी वित्तीय विवरण तयार गरेको छैन ।
२. लेखापरीक्षणबाट रू.४ करोड ७ लाख ७७ हजार बेरुजू देखिएको छ। सोमध्ये त्यँहाबाट कुनै पनि प्रतिक्रिया उपलब्ध नभई बाँकी बेरुजू असुल गर्नुपर्ने रू.१० लाख ११ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रु.१ करोड ४३ लाख ८४ हजार, नियमित गर्नुपर्ने रू.२ करोड ३० लाख २३ हजार र पेश्की रू.२३ लाख ५९ हजार रहेको छ । पालिकाको गतवर्ष सम्म रु.१२ करोड ९७ लाख २१ हजार बेरुजू बाँकी रहेकोमा यसवर्ष सम्परीक्षणबाट फस्यौंट एवं यो वर्ष कायम भएको बेरुजू समेत हालसम्मको अद्यावधिक बेरुजू रु.१२ करोड ५९ लाख ३२ हजार रहेको छ । गाउँपालिकाको **बेरुजू वर्गीकरण र अद्यावधिक बेरुजू स्थिति यसैसाथ संलग्न छ ।**
३. गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको, लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।
४. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकारीको जिम्मेवारी**

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ । गाउँ कार्यपालिका, अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत गाउँपालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन् ।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूतरूपमा गलत आँकडा रहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी राय सहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो । लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन । वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ ।

(..........................)
नायब महालेखापरीक्षक

कुसे गाउँपालिका, जाजरकोट

## १. चालु वर्षको बेरुजु २०७८।७९

## १.१. बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौंट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५६ | ६२ | ४०७७७ | ० | ० | ० | ५६ | ६२ | ४०७७७ | १०११ | २३०२३ | १४३८४ | ० | ० | ३७४०७ | २३५९ |

## २. अद्यावधिक बेरुजू स्थिति २०७८।७९

*(रु. हजारमा)*

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको फस्यौंट | बाँकी बेरुजू | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| कुसे गाउँपालिका जाजरकोट | १२९७२१ | ० | ४४६१३ | ८५१०८ | ४७ | ४०७७७ | १२५९३२ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७८/७९

कार्यालय र स्थान : कुसे गाउँपालिका, जाजरकोट , कुसे गाउँपालिका , जाजरकोट

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Lal Bhakta Shahi | २०७८-९-६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Binod Pun Magar | २०७७-१२-६ | हाल सम्म कार्यरत |
| | | **बेरुजु रकम** | ४०,७७६,९२४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| **गत बर्षको जिम्मेवारी** | | ३८,३२,१६९ | |
| **आम्दानी** | | **खर्च** | |
| **संघीय सरकारबाट अनुदान** | ३२,९४,९८,००० | **चालु खर्च** | २८,६४,०२,४२५ |
| **प्रदेश सरकारबाट अनुदान** | २,१२,८४,००० | **पूँजीगत खर्च** | १०,४३,७९,८९४ |
| **राजश्व बाँडफाँट** | ७,९४,९०,९०० | **वित्तीय/अन्य व्यवस्था** | ३,२२,७२,०९८ |
| **आन्तरिक आय** | २१,१५,८५० | | |
| **अन्य आय** | ६१,४६,२६१ | | |
| **कुल आय** | ४३,८५,३५,०११ | **कुल खर्च** | ४२,३०,५४,४१७ |
| **बाँकी मौज्दात** | | १,९३,१२,७६३ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **परिचयः** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस कुशे गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु कुशे गाउँपालिकाको उद्देश्य रहेको छ । यस कुशे गाउँपालिका अन्तर्गत ९ वडा, ४७ सभा सदस्य, २७३.७९वर्ग किलोमिटर क्षेत्रफल तथा २० हजार ६७१ जनसंख्या रहेको छ । लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिति २०७९।०८।२० मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : | |
| ३ | | | **स्थानीय संचित कोष :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६९ र ७२ बमोजिम यस गाउँपालिकाले वित्तिय हस्तान्तरणबाट प्राप्त अनुदान तथा सहयता, आन्तरिक आम्दानी र स्थानीय सरकारबाट सञ्चालन भएको आयोजनाहरु समेतको आयव्यय हिसाबको आर्थिक वर्ष २०७८।७९ को समग्र संचित कोषको संक्षिप्त अवस्था निम्नबमोजिम रहेको छ। | |

| सि.नं | आयतर्फ | | | सि.नं | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | **३८३२१६८।७९** | १ | चालु खर्च | | **२८६४०२४२४।६०** |
| | क) नगद | ० | | २ | पूँजीगत खर्च | | **१०४३७९८९।१६** |
| | ख) बैंक | ३८३२१६८।७९ | | ३ | वित्तिय व्यवस्था भुक्तानी | | **0** |
| २ | राजस्व ( आन्तरिक आय) | | **८१६०६७५०।१२** | | क) ऋण भुक्तानी | 0 | |
| | क) आन्तरिक राजस्व | २११५८५०।२२ | | | ख) ब्याज भुक्तानी | 0 | |
| | ख) राजस्व बाँडफाँड | ७९४९०८९९।९० | | | ग) अन्य भुक्तानी | 0 | |
| | ग) अन्य आय | 0 | | ४ | लगानी | | **0** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | ३ | वित्तिय हस्तान्तरण संघ | | ३२९४९८००० | | ऋण लगानी | 0 | | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | ९१८००००० | | | शेयर लगानी | 0 | | |
| | | | | ख) सशर्त अनुदान | २३७६९८००० | | | अन्य लगानी | 0 | | |
| | | | | ग) समपूरक अनुदान | 0 | | ५ | धरौटी फिर्ता | | | |
| | | | | घ) विशेष अनुदान | 0 | | ६ | जनश्रमदान फिर्ता | | 0 | |
| | | | ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | २१२८४००० | ७ | कोष फिर्ता | | ४६५३७६५ | |
| | | | | क) वित्तिय समानीकरण अनुदान | ९३१९००० | | ८ | मौज्दात | | | |
| | | | | ख) सशर्त अनुदान | ११९६५००० | | | क) बैंक मौज्दात | | १७४३४७४१।९२ | |
| | | | | ग) समपुरक अनुदान | 0 | | | ख) नगद मौज्दात | | 0 | |
| | | | | घ) विशेष अनुदान | 0 | | ९ | शसर्त अनुदान फिर्ता | | २६०१८३३१।८२ | |
| | | | ५ | अन्तर स्थानीय तहबाट प्राप्त | 0 | | १० | गत बर्षको बढी अल्या | | 0 | |
| | | | ६ | अन्य | | | ११ | जनश्रमदान मौज्दात | | 0 | |
| | | | | क) क्षेत्रीय शहरी विकास योजना | 0 | | १२ | धरौट मौज्दात | | ८७७१६६ | |
| | | | | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | ख) सडक बोर्ड नेपाल | 0 | | १३ | कोष खाताको मौज्दात | | १०००८५५।५ | |
| | | | | ग) पर्यटन बोर्ड नेपाल | 0 | | १४ | प्रदेश सर्शत पुँजिगत तर्फको बढि आम्दानी बाँधिएको रकम | | १६००००० | |
| | | | | घ) एन एन एस डब्लु ए | 0 | | | | | | |
| | | | ७ | विभिन्न कोषतर्फको आय | | ५२०४६२०।५ | | | | | |
| | | | | यस आवको आम्दानी | ३६४७४५७ | | | | | | |
| | | | | अल्या विविध खर्च खाता कोष | १४८११६४।५ | | | | | | |
| | | | | अल्य प्रकोप व्यवस्थापन कोष | ७५९९९ | | | | | | |
| | | | ८ | जनसहभागिता (नगद) | 0 | | | | | | |
| | | | ९ | विषयगत निकायबाट प्राप्त | 0 | | | | | | |
| | | | १० | धरौटी आय | | ८७७१६६ | | | | | |
| | | | | अल्या रकम | ३०१५६६ | | | | | | |
| | | | | यस आव को आम्दानी | ५७५६०० | | | | | | |
| | | | ११ | लगानीको साँवा फिर्ता | 0 | | | | | | |
| | | | | | | | | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th></th><th></th><th></th><th></th><th></th><th></th><th></th><th>बेरुजु रकम</th></tr>
<tr><td rowspan="5"></td><td rowspan="5"></td><td rowspan="5"></td><td>१२</td><td>अन्य विविध आय</td><td>0</td><td></td><td></td><td></td><td></td><td></td><td rowspan="5"></td></tr>
<tr><td>१३</td><td>शसर्त तर्फको बढि फिर्ता रकम</td><td>0</td><td>५७१२५</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td>१४</td><td>पत्ता नलागेको रकम हिमि</td><td></td><td>७३४९।४८</td><td></td><td></td><td></td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४४२३६७१७९</td><td></td><td>जम्मा</td><td></td><td>४४२३६७१७९</td></tr>
<tr><td colspan="8">नोटः पालिकाले पेश गरेको आय व्ययमा खर्च बढी भै आय तर्फ रु.७३४९।४८ पत्ता नलागी हिसाव मिलान गरेकोले सोको प्रमाण पेश गर्नुपर्ने देखिन्छ ।</td></tr>
<tr><td>३</td><td></td><td></td><td colspan="8">वित्तीय विवरण<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा गाउँपालिकाले प्रत्येक वर्षको श्रावण १ गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकिए अनुसार गाउँपालिका तथा गाउँपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br><br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छैन ।<br><br>• स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु.३२५५३४४।०० ले फरक देखिएको छ ।<br><br>• कतिपय सम्बन्धित आर्थिक कारोबारहरुको गोश्वरा भौचर बजेट शिर्षकगत बैक नगदी किताबमा नजनाएकाले श्रेस्ता अनुसार बैक मौज्दात ऋणात्मक रहेको देखिन्छ ।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शिर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br><br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **जिम्मेवारी फरक परेको**<br>स्थानीय तहको सञ्चित कोषमा गत विगतको बाँकी, यस वर्ष प्राप्त र खर्च भएको रकम स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गर्नुपर्दछ । तर स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनअनुसार गत वर्षको अन्त्यमा रु.५६९०८५८.५९ मौज्दात कायम भएकोमा यो बर्षको शुरुमा रु.३८३२१६८।७९ जिम्मेवारी सारेको देखियो । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.१८५८६८९.८ घटी जिम्मेवारी धरौटी विविध तथा प्रकोप कोषको बाकी मौज्दात अल्या सरेको देखिएको छ । आम्दानी खर्चको स्पष्ट देखिने गरी हिसाब राख्ने र जिम्मेवारी एकिन गरी स्पष्ट रुपमा हिसाव राख्नु पर्दछ। | |
| ५ | | | **बैक हिसाब मिलान नगरेको**<br>स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान विवरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहाय बमोजिमको खाताको बैंक हिसाब मिलान विवरण तयार नगरेको कारण निम्नानुसार फरक पर्न गएकोले बैंक हिसाब मिलान विवरण तयार गरी यकिन गनुपर्ने देखिन्छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार बाँकी | बैंक स्टेटमेण्ट अनुसार बाँकी | फरक |
|---|---|---|---|---|
| १ | सञ्चित कोष | २१९७८८२ | ३२७४९१।६ | १८७०३९० |
| २ | चालु खाता | ७३१६९६६ | ६४४९४२४ | ८६७५४२।३ |
| ३ | पूँजीगत खाता | ६८५१५०३ | १२८४४७७९ | -५९९३२७७ |
| ४ | मर्मत खाता | 0 | 0 | 0 |
| ५ | कल्याण कोष खाता | 0 | | 0 |
| ६ | प्रकोप व्य कोष खाता | ३२३७३२ | ३२३७३२ | 0 |
| **जम्मा** | | १६६९००८३ | १९९४५४२७ | -३२५५३४४ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६ | | | **आन्तरिक नियन्त्रण प्रणालीः**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाईएन ।<br><br>• स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको संचित कोषमा ट्रान्सफर गरेको छ ।<br><br>• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वियन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन।<br><br>• कार्यालयको श्रेष्ता र वैक विचको हिसाव फरक परे वा नपरेको सम्वन्धमा वैक हिसाव मिलान विवरण तयार नगरेको कारण हिसाव मिलान भए नभएको सम्वन्धमा यकिन गर्न सकिएन ।<br><br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br><br>• स्थानीय तह संचालन ऐन, २०७४ को दफा ६५, ६६ र ६७ मा क्रमशः स्थानीय राजश्व परामर्श समिति, स्रोत अनुमान र बजेट सीमा निर्धारण समिति र बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले उक्त समितिहरु गठन गरेको पाईएन ।<br><br>• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितणमुखि रहेको पाईयो।<br><br>• पालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गरेको पाईयो<br><br>• वडा कार्यालयमा रहेका जिन्सी समानको अभिलेख पालिकाको मूल जिन्सी खातामा अध्यावधिक गरेको पाईएन ।<br><br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br><br>• मुल्य अभिवृद्धि कर नियमावली २०५३ को नियम ६ (क) अनुसार ठेक्का सम्झौता र कर भुक्तानीको जानकारी सम्वन्धित आन्तरिक राजस्व कार्यालयलाई नदिई आर्थिक वर्षको अन्तमा मात्र दिइएको तथा इ टीडिएस नगरेको ।<br><br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • कुनै रकम भुक्तानी दिँदा रित पुगे वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरुमा सिलसिलेवार नम्वर राखि कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावलि २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाईएन।<br><br>• ठेक्काहरुको विस्तृत विवरण देखिने गरि ठेक्का खाता र कन्टिन्जेन्सी खाता राखेको पाईएन।<br><br>• स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br><br>• सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br><br>• संस्था दर्ता ऐन, २०३४ को दफा ३ अनुसार पालिकाबाट संचालन भएका विभिन्न योजना निर्माण गर्न गठन गरेका उपभोक्ता समिति उक्त ऐनको व्यवस्था अनुसार मान्यता प्राप्त हुने गरी दर्ता गरेको पाइएन ।<br><br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br><br>• वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको,<br><br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको ३७ जनाको दरबन्दी रहेकोमा १७ दरबन्दी रिक्त रहेको पाईयो ।<br><br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br><br>• निजामती सेवा ऐन २०४९ वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | • निजामती सेवा ऐन २०४९ को दफा ७ (ख) २ बमोजिम तलवि प्रतिवेदन पारित गराएर मात्र तलव भत्ता भुक्तानी गर्नुपर्नेमा कार्यालयले तलवी प्रतिवेदन पारित नगरी रु.१४६४०१६२।०० तलब खर्च लेखेको पाईयो ।तलबी प्रतिवेदन पारित नहुँदा ग्रेडसमेत यकिन हुन सकेन ।<br><br>• मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा गाउँपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ ।<br><br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ७ | | | **बजेट पेश, पारित र अख्तियारी**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री रामछायाँ कुमारी शाहीले मिति २०७८।०३।१० गते रु.४८ करोड ७९ लाख ७४ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७८।०३।२२ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७८।४।५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । | |
| ८ | | | **बजेट सीमा निर्धारण समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोमा पालिकाले समितिको गठन गरेको छैन । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी नियम तथा कार्यविधि तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **बजेट तथा कार्यक्रम तर्जुमा :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |
| १० | | | **क्षेत्रगत बजेट र खर्चको स्थितिः**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७८।७९ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।(रु.हजारमा) | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | १७५००००० | १६१०४५७३ | ४.१२ |
| २ | पूर्वाधार विकास | ११४९९५००० | ७४९९२९०७.१६ | १९.१९ |
| ३ | सामाजिक विकास | २२७०९६००० | २०४७९२७८९.१८ | ५२.४१ |
| ४ | बातावरण तथा विकास | ० | ० | ० |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४०००००० | ३५१५१७३ | ०.९३ |
| ६ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | १०३१३९००० | ९१३७६८७६.४२ | २३.३८ |
| **जम्मा** | | **४६६७३००००** | **३९०७८२३१९** | **१००** |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ५२.४१ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा ०.९० प्रतिशत रहेको छ ।

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>११</td><td></td><td></td><td>गत बर्षको दायित्व<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१३) बमोजिम चालु बर्षको बजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अबस्थामा कार्यालय प्रमुख र सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयबाट श्रावण १५ गते भित्र भुक्तानी बाँकीको बिबरण प्रमाणित गरी राख्नुपर्ने व्यबस्था छ । स्थानीय तहले २०७७।७८ मा बिभिन्न संस्था, उपभोक्ता समिति, फर्महरुलाई रु.९४ लाख ८१ हजार भुक्तानी दिन बाँकी रहेको बिबरण राखी कार्यालय प्रमुखबाट प्रमाणित गराएको आधारमा यो बर्ष (२०७८।७९) को बजेटमा गत बर्षको भुक्तानीको लागि बजेट व्यबस्था गरी उक्त रकम भुक्तानी गरेको पाइयो । बार्षिक बजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले बार्षिक बजेटले बहुबर्षीय कार्यक्रम स्वीकृत गरेको अबस्थामा बाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यबस्था मिलाउनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१२</td><td></td><td></td><td>त्रैमासिक पूँजीगत खर्चः<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम ३५ बमोजिम त्रैमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र नियम ३६ मा त्रैमासिक कार्यलक्ष्य तथा कार्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कार्यक्रम कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिकखर्चको स्थिति देहाय बमोजिम छ ।उक्त विवरण अनुसार चौथो चौमासिक साथै अषाढमा बढी खर्च भएको देखिन्छ। वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ<br>(रु हजारमा)
<table>
<tr><th>क्र.स.स</th><th>बजेट उपशिर्षक</th><th>कुल खर्च</th><th></th><th colspan="4">त्रैमासिक खर्च</th></tr>
<tr><th></th><th></th><th></th><th>प्रथम</th><th>दोस्रो</th><th>तेश्रो</th><th>चौथो</th><th>आषाढ महिना</th></tr>
<tr><td>१</td><td>पूँजिगत खर्चतर्फ</td><td>१०४३७९</td><td>०</td><td>२०२७६</td><td>२४६२०</td><td>५९४८२</td><td>३४०६२</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>१००</td><td>०</td><td>१९.४२</td><td>२३.५९</td><td>५६.९९</td><td>३२.६३</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु.१० करोड ४३ लाख ७९ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु. शुन्य अर्थात शुन्य प्रतिशत, दोश्रो त्रैमासिकमा रु.२ करोड २ लाख ७६ हजार,अर्थात १९.४२ प्रतिशत तेश्रो त्रैमासिकमा रु.२ करोड ४६ लाख २० हजार,, अर्थात २३.५९ प्रतिशत र चौथो त्रैमासिकमा रु.५ करोड ९४ लाख ८२ हजार,, अर्थात ५६.९९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु.३ करोड ४० लाख ६२ हजार अर्थात ३२.६३ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१३</td><td></td><td></td><td>लक्ष्य प्रगति :<br>आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ मा भएको व्यवस्था बमोजिम कार्यालयले त्रैमासिक र बार्षिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियमावली बमोजिमको ढाँचामा त्रैमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ ।
<table>
<tr><th rowspan="2">कार्यक्रम/योजना</th><th rowspan="2">कुल कार्यक्रम</th><th colspan="4">वार्षिक प्रगति स्थिती</th></tr>
<tr><th>शून्य प्रगती</th><th>२५%सम्म प्रगति</th><th>५०% सम्म प्रगति</th><th>७५% सम्म प्रगति</th></tr>
<tr><td>कार्यक्रम संख्या</td><td>१०९</td><td>९</td><td>०</td><td>२</td><td>९८</td></tr>
</table></td><td></td></tr>
<tr><td>१४</td><td></td><td></td><td>प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५० दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३४ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २६ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **कर्मचारी करार**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको र सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानून बमोजिम मात्र कर्मचारी पदपूर्ति गर्नुपर्दछ। तर पालिकाले विभिन्न प्राविधिक सहायक, कार्यालय सहयोगी, सुचना प्रविधि अधिकृत, कृषि सहायक, पशु सहायक लगायत पदमा ६७ जना कर्मचारीहरु करारमा राखि रु.१२९९०६७०।०० खर्च लेखेको छ ।<br><br>त्यसैगरी सोही ऐनको दफा ८३(८) वमोजिम पालिकाले सवारी चालक, सयश, कार्यालय सहयोगी, पलम्बर, इलेक्टीसियन, चौकिदार, मालि, बगैँचे लगायतका पदमा मात्र करारवाट सेवा लिन सकिने व्यवस्था गरेको छ । स्थानीय तहले माथि उल्लेखित पद वाहेकको विभिन्न प्राविधिक सहायक, सुचना प्रविधि अधिकृत, कृषि सहायक, पशु सहायक स्वास्थ्य प्राविधिक लगायत पदमा ३८ जना करार नियुक्ति गरी बर्षभरीमा रु.८२७१६७०।०० भुक्तानी गरेको छ । पालिकाले O&M गरी कामको विश्लेषण, आन्तरिक आय, सघंबाट भएको पूर्ति, स्थानीय निकायमा समायोजन, हाल करारमा रहेकाको स्थिति र दरबन्दीको विवरण तयार गरी अत्यावश्यक कर्मचारी मात्र पूर्ति गर्ने व्यवस्था मिलाउनुपर्नेमा सो बमोजिम नगरी नियममा उल्लेख भएको पद वाहेक अन्य पदमा करारमा कर्मचारी राखि भुक्तानी भएको रकम अनियमित देखिएको रु.. | ८,२७१,६७० |
| १६ | | | **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन :**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |
| १७ | | | **वडा सचिवको पदपूर्ति**<br>पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।<br><br>वडा संख्या: ९; वडा सचिवको दरबन्दी: ९; वडा सचिवको पदपूर्ति: १; रिक्त वडा सचिव: ८ | |

| वडा संख्या | वडा सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | १ | ८ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **सेवाप्रवाहको स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ : | |

| विवरण | निवेदन दर्ता | सिफारिस भएको संख्या |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० | ० |
| **पञ्जिकरणतर्फ** | | |
| जन्मदर्ता | १५०९ | १५०९ |
| मृत्युदर्ता | १३१ | १३१ |
| बसाईसराई दर्ता | ३३ | ३३ |
| विवाह दर्ता | १९५ | १९५ |
| सम्बन्धविच्छेद दर्ता | १ | १ |
| **पूर्वाधार विकास सडक निर्माण** | | |
| कालोपत्रे सडक निर्माण | ० | ० |
| कालोपत्रे सडक मर्मत | ० | ० |
| ग्राभेल सडक निर्माण | ० | ० |
| ग्राभेल सडक मर्मत | ० | ० |
| कच्ची सडक निर्माण | ० | २९।४ |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **कानून र सञ्चालन स्थिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म ११ वटा ऐन, ९वटा कार्यविधि ५ वटा रणनीति लगायत २७ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ । साथै पालिकाले १५ वटा कानूनहरु राजपत्रमा प्रकाशन गरी १२ वटा कानुन निर्माण गरी सभा।कार्यपालिकाबाट स्वीकृत गरेतापनि उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरेको छैन् । तसर्थ उक्त कानूनहरु राजपत्रमा प्रकाशन गरी कार्यान्वियनमा ल्याउनु पर्दछ । | |
| २० | | | **न्यायीक समिति**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फस्योँट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी शुन्य र यो बर्ष थप भएको १ गरी कुल १ विवाद दर्ता भएकोमा १ फस्योँट भई बाँकी देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२१</td><td></td><td></td><td>

**अनुदान फिर्ता –**

संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायबाट स्थानीय तहमा प्राप्त हुने समपुरक वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७९ असार मसान्तमा देहायबमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन । खर्च नभई बाँकी रहेको निम्नानुसारको रकम सम्बन्धित निकायमा फिर्ता गर्नुपर्ने रु

<table>
<tr><th>अनुदान प्रदान गर्ने निकाय</th><th>अनुदानको प्रकार</th><th>प्राप्त रकम</th><th>खर्च रकम</th><th>फिर्ता रकम</th><th>बाँकी रकम</th></tr>
<tr><td>संघीय सरकार</td><td>शसर्त</td><td>२३७६९८०००</td><td>२११७३६७९३।१८</td><td>२६०१८३३१।८२</td><td>०</td></tr>
<tr><td></td><td>विषेश</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td>प्रदेश सरकार</td><td>शसर्त</td><td>११९६५०००</td><td>११६१३६१६</td><td>०</td><td>३५१३८४</td></tr>
<tr><td></td><td>विषेश</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>समपुरक</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
<tr><td></td><td>अन्य</td><td>०</td><td>०</td><td>०</td><td>०</td></tr>
</table>

**नोटः** सङ्घीय शसर्त तर्फको ५७१२५ बढि फिर्ता गरिएको तथा प्रदेश शसर्त तर्फ १६०००००।०० बढि आम्दानी बाँधिएको हुदा ३५१३८४।०० रकम फिर्ता नगरिएको पालिकाको भनाई रहेको छ ।

</td><td></td></tr>
<tr><td>२२</td><td></td><td></td><td>

**विद्यालयहरुलाई अनुदानः**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुँजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । यस स्थानीय तहले देहायअनुसारका विद्यालयहरुलाई विद्यालय व्यवस्थापन खर्चका लागि रु.३० लाख अनुदान उपलब्ध गराएको छ।विद्यालयले सो रकमबाट के काम गरे सोको विवरण पालिकामा उपलव्ध गराएको पाईएन।भने पालिका शिक्षा शाखाले समेत उक्त कार्यको अनुगमन गरेको पाईएन।कार्यक्रममा स्पष्ट उल्लेख नभएका यस प्रकारका खर्चमा नियन्त्रण गर्नुपर्दछ।

<table>
<tr><th>संस्थाको नाम</th><th>प्रयोजन/कार्यक्रम</th><th>रकम</th></tr>
<tr><td>लक्ष्मी प्राप्ति मा वि</td><td>एसईईपरिक्षा केन्द्र रहेका विद्यालयको केन्द्र सुधार, प्रस्ताविक माध्यमिक विद्यालयको कार्यालय तथा कक्षा कोठा व्यवस्थापन र</td><td>५०००</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | खुर्ता | आधारभुत विद्यालयको कार्यालय तथा कक्षा कोठा व्यवस्थापन प्रयोजन । | ०० | |
| | | | दुर्गा देवी मा वि भार्मा | | ५००००० | |
| | | | नेरा मा वि समाकोट | | ५००००० | |
| | | | रमला प्रा वि दतिवर | | ३५०००० | |
| | | | लक्ष्मी आर्दश प्रा वि शौरेनि | | ३००००० | |
| | | | हिमालय भानुभक्त प्रा वि ताँगाचौवर | | ५००००० | |
| | | | माविका प्रा वि छेडा | | ३५०००० | |
| | | | **जम्मा** | | **३००००००** | |
| | | | यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २३ | | | **अनुत्पादक खर्च**<br>सार्बजनिक श्रोतको उपयोग गर्दा अधिकतम प्रतिफल सुनिश्चित हुने गरी खर्च गर्नुपर्नेमा यस पालिकाले देहाय बमोजिमका अनुत्पादक प्रयोजनमा रु.२०९६०००।०० खर्च गरेको देखिन्छ ।<br>(तालिका तल)<br>यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ । | |
| २४ | | | **विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु.७६५०७०।०० खर्च गरेको छ । | |
| २५ | | २०७९-११-३ | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले यस वर्ष १२ जनालाई रु.३० हजार देखि ५ लाख सम्म गरी रु.४४ लाख ६२ हजार आर्थिक सहायता वितरण गरेका छन् । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २६ | | | **महोत्सव तथा अन्य खर्च**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ ले संस्था, समूह, पर्व, जात्रा, यात्रा, विरामी, संस्कृति लगायतमा आर्थिक सहायता दिन सक्ने कानूनी व्यवस्था गरेको देखिदैन । तर गाउँपालिकाले यस वर्ष कुल धार्मिक, सामाजिक, साँस्कृतिक प्रकृतिका कार्यमा रु.१०८०००।०० खर्च गरेको छ । | |

| गो भौ नं र मिति | भुक्तानी पाउने संस्थाको नाम | प्रयोजन | रकम |
|---|---|---|---|
| १३।२०७८।६।२३ | मधुरिमा कला केन्द्र | वाजा प्रोत्साहन कार्यक्रम | ४९६००० |
| विभिन्न | विभिन्न वडा स्तरीय खेल आयोजक समितिहरु | खेलकुद तथा मनोरञ्जन | १०००००० |
| १८२।२०७८।११।३० | मुवा मेला आयोजना समिति कुशे ८ जिन्तला | मेला आयोजना तथा संचालन | ३००००० |
| २६८।०७९।२।३१ | खाँडो नाच व्यवस्थापन समिति कुशे ५ जाजरकोट | खाँडो नाच व्यवस्थान | ३००००० |
| **जम्मा** | | | **२०९६०००** |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **बार्षिक खरिद योजना/गुरुयोजना :**<br>सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने ब्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने, नियम ८ ले बार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने ब्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.१० करोड ४३ लाख ७९ हजार पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम बार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ । | |
| २८ | | | **सवारीसाधन खरिद**<br>– स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले ३ थान दुई पांङ्ग्रे सवारि साधन खरिदमा रु.९०९७००।००, बजेटबाट खर्च गरेको छ ।यस प्रकारको खर्चमा नियन्त्रण गर्नु पर्दछ।<br><br>**सि.नं** \| **सवारी साधन** \| **संख्या** \| **रकम**<br>१ \| मोटरसाइकल \| ३ \| ९०९७००<br> \| **जम्मा** \| ३ \| ९०९७०० | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>२९</td><td></td><td></td><td>पेश्की बाँकी :<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व सम्बन्धि नियमावली, २०७७ बमोजिम पेश्की फछ्र्यौट हुनुपर्दछ । यस वर्ष देहाय अनुसार म्याद ननाघेको मोविलाईजेशन पेश्की रु शुन्य र म्याद नाघेको अन्य पेश्की रु २३५९०००।०० रहेको छ । म्याद नाघेको अन्य पेश्की फछ्र्यौट हुनु पर्ने रु
<table>
<tr><th>क्र स</th><th>पेश्की लिने व्यक्ति तथा फर्म</th><th>रकम</th><th>कैफियत</th></tr>
<tr><td>१</td><td>नरेन्द्र जैसी</td><td>१०८०००</td><td>म्याद नाघेको</td></tr>
<tr><td>२</td><td>ढिमे भालुवेला बसपार्क बजार ब्यस्थापन स्थल निर्माण उ.स</td><td>५७००००</td><td>म्याद नाघेको</td></tr>
<tr><td>३</td><td>स्यालतरा झोलुगे निमाण उपभोक्ता समिती कुशे गाउँपालिका वडा न ३ जाजरकोट</td><td>७०००००</td><td>म्याद नाघेको</td></tr>
<tr><td>४</td><td>विष्णु नेपाली</td><td>१६००००</td><td>म्याद नाघेको</td></tr>
<tr><td>५</td><td>भुवन थापा</td><td>२२१०००</td><td>म्याद नाघेको</td></tr>
<tr><td>६</td><td>भुवन आचार्य</td><td>१२६०००</td><td>म्याद नाघेको</td></tr>
<tr><td>७</td><td>भुवन आचार्य</td><td>४७४०००</td><td>म्याद नाघेको</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>२३५९०००</td><td></td></tr>
</table></td><td>२,३५९,०००</td></tr>
<tr><td>३०</td><td></td><td></td><td>आयको अनुमानः<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.८६ लाख प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७८।७९ मा रु.२११५८५०.२२ अर्थात अनुमान भन्दा २४.६० प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थार्थपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३१ | | | **कर तथा शुल्क असुली -**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ । | |

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | ० | ० | ० |
| घरजग्गा वहाल कर | ३००००० | ६११७६ | २०.३९ |
| व्यवसाय कर | ० | ० | ० |
| वहाल विटौरी शुल्क | ० | ० | ० |
| अन्य | ८३००००० | २०५४६७२।२२ | २४.७५ |
| **जम्मा** | **८६०००००** | **२११५८५०.२२** | **२४.६०** |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३२ | | | **आन्तरिक आयः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७८।७९ मा केन्द्रीय अनुदानबाट गरेको खर्चको तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><br>**केन्द्रिय अनुदानबाट खर्च** / **आन्तरिक आय** / **आन्तरिक आय प्रतिशत**<br>३०५३४४ / २११५ / ०.६९<br><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ०.६९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |
| ३३ | | | **राजश्व दाखिला :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) अनुसार आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट यथास्थानमा दाखिला नगरेको देखिन आएमा सम्बन्धित तालुक कार्यालय वा विभागिय प्रमुखले दश दिनसम्म ढिलो गरेको भए दाखिला गर्न बाँकी रकम र सो रकमको दश प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लागउने र सो भन्दा ढिलो गरेको भए दश प्रतिशतका दरले जरिवाना गरी दाखिला गर्न लागाई कसुरको मात्रा अनुसार प्रचलित कानुन बमोजिम विभागिय कारबाही समेत गर्ने गराउने उल्लेख छ। पालिका अन्तर्गत ९ वटा वडा बाट प्राप्त गरेको राजश्व रकम एक महिनाभित्र दाखिला हुने रहेछ । कानूनले तोकिएको समयावधि भित्र राजस्व रकम दाखिला गराउने तर्फ पालिकाले ध्यान दिनु पर्दछ । कार्यालयले नगदी रसिद नियन्त्रण खाता राखि व्यबस्थित रुपमा ठेलि तथा रसिद नम्बर खुलाएर रसिद ठेलि बुझाउने, बुझाएको ठेलीबाट प्राप्त आम्दानी सम्बन्धमा पोष्टिङ गरी जोडजम्मा तथा परीक्षण गर्न सकिने बनाउने, फिर्ता लिएको बाँकी रसिद नम्बर समेत खुलाएर अभिलेख राख्ने र प्राप्त राजश्व कार्यालयले समेत परीक्षण गरी एकिन गर्नु पर्नेमा वडाबाट दाखिला भौचरको आधारमा मात्र आम्दानी गर्ने र राजश्व शाखाले रसिदहरु पोष्टङ नगरी प्राप्त आम्दानी बैंक दाखिला गरेको पाईदा प्राप्त हुनुपर्ने राजश्व र प्राप्त राजश्व भिडान गर्न सकिएन । साथै लेखाशाखाले आम्दानी, गोश्वरा भौचर उठाउदा गोश्वरा भौचरसँग बैंक भौचर नहुने, शाखामा रहेको भौचरमा नगदी रसिद नम्बर उल्लेख नहुने, मालपोत रसिद र नगदि रसिद नछुट्टिने, वडागत तथा शीर्षकगत आम्दानी राजश्व शाखाले पनि तयार नगर्ने अवस्थाले राजश्वको अभिलेख व्यवस्था कमजोर रहनुका साथै परीक्षण गर्न सक्ने अवस्थामा रहेको पाईएन । नगद आम्दानी रकम दैनिक रुपमा तथा भोलिपल्ट समेत दाखिला नभइ दुरीको कारण मासिक रुपमा ढिलो दाखिला हुने व्यहोरा जानकारी प्राप्त भएतापनि नियमानुसार समयमा दाखिला गर्न कार्यालयले व्यवस्था मिलाउनु पर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३४ | | | **राजश्व अभिलेख :**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा भएको व्यवस्था अनुसार कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ । पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडा कार्यालयमा पठाउने गरेकोमा अघिल्लो आ.व.को बाँकी के कति रसिद छन सोको पुर्ण अभिलेख राखेको देखिएन । पालिकाबाट सवै वडाहरुमा स्वचालित प्रणालि जडान गरी राजस्व संकलन गर्ने तर्फ ध्यान दिनुपर्दछ । | |
| ३५ | | | **मनोरञ्जन कर :**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ६४ बमोजिम सिनेमा, भिडियो हल, सांस्कृतिक प्रदर्शन हल, संगित, थियटर, मनोरञ्जन, प्रदर्शन स्थल, ऐतिहासिक स्थलको प्रवेश शूल्कमा कर लिनुपर्ने व्यवस्था छ । आर्थिक वर्ष २०७८।७९ मा पालिकाले यस शीर्षकमा कूनैपनि कर संकलन गरेको पाईएन । यस पालिकाको क्षेत्र भित्रवाट उठ्नु पर्ने मनोरञ्जन कर एकिन गरी असुल गर्नुपर्दछ । | |
| ३६ | | | **नगदी रसिद फिर्ता नगरेकोः**<br>निम्न वडाका वडा सचिवहरु आ.व.२०७८।७९ को आन्तरिक राजश्व संकलनको लागि गाउँपालिका कार्यालयबाट आफुले बुझेकोमध्ये बाँकी नगदी र मालपोत ठेली लेखापरीक्षण भएको मितिसम्म पनि कार्यालयमा फिर्ता गरेको पाइएन।यसरी राजश्व संलकन गरेका नगदी रसिदको अर्धकट्टी रसिद फिर्ता नबुझाई एकमुष्ट रकम दाखिला गरेको हुँदा सबै नगदी रसिदको छानविन गरी नियमअनुसारको जरिवाना सहित असूल गरी निजहरुलाई जिम्मेबार बनाउनु पर्दछ ।<br><br>**फिर्ता नगरेको नगदी रसिदको विवरण**<br>वडा नं.: ५; वडा सचिवको नाम: बुद्धि वहादुर ओली र ऐन वहादुर सिह; नगदी रसिद: १२०१-१२५०, १४५१-१५००; मालपोत रसिद: | |
| ३७ | | | **स्थानीय तहका पदाधिकारी सुविधा :**<br>**:** कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७७ को दफा ३ मा पदाधिकारी र सदस्यले आफु निर्वाचित भई काम कारबाही शुरु गरेको मिति देखि अनुसुची १ र २ मा उल्लेख भए बमोजिमको रकममा नबढ्ने गरी स्थानीयतहको आन्तरिक श्रोतको आधारमा सुविधा पाउने व्यवस्था छ । पालिकाले पदाधिकारीहरुलाई यस वर्ष रु.१३६४४९४०।०० रकम सुविधा वापत भुक्तानी गरेको छ । | |

**फिर्ता नगरेको नगदी रसिदको विवरण**

| वडा नं. | वडा सचिवको नाम | नगदी रसिद | मालपोत रसिद |
|---|---|---|---|
| ५ | बुद्धि वहादुर ओली र ऐन वहादुर सिह | १२०१-१२५०<br>१४५१-१५०० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३८ | | | **पदाधिकारी अन्य सुविधा**<br>कर्णाली प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्वन्धी ऐन, २०७५ (पहिलो संशोधन समेत)को दफा ३ मा स्थानीय तहका पदाधिकारीहरुले अनूसूची १(क),१(ख),१(ग) मा उल्लेख भएको भन्दा बढी हुने गरी पदाधिकारी सुविधा दिन मिल्ने देखिदैन । तर पालिकाले उक्त ऐनमा उल्लेख भएको भन्दा बढी हुने गरी गाउँपालिका उपाध्यक्ष श्री देविका कुमारी सिंहलाई वडा योजना अनुगमन भत्ता वापत रु.३००००।०० बढी भुक्तानी दिएको देखिन्छ ।यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |
| ३९ | | | **कर्मचारी प्रोत्साहन भत्ता**<br>स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ८६ (१) बमोजिम स्थानीय सेवाको गठन, संचालन, व्यवस्थापन, सेवाका शर्त तथा सुविधा सम्बन्धि आधारभूत सिद्धान्त र मापदण्ड संघीय कानुन बमोजिम हुने, दफा ८६ (२) बमोजिम अन्य व्यवस्था स्थानीय तहले बनाएको कानुन बमोजिम हुने व्यवस्था छ । त्यस्तै अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिकाको परिच्छेद ७ को ७.४.१ बमोजिम अतिरिक्त समय र बिदाको दिन काम गर्दा अर्थ मन्त्रालयबाट नमर्स स्वीकृत गराई खाजा र खाना भुक्तानी दिनुपर्ने र ७.४.१ को (५) बमोजिम प्रोत्साहन भत्ता खुवाउन समेत अर्थ मन्त्रालयबाट स्वीकृति लिनुपर्ने व्यवस्था छ । स्थानीय तहले कानून नबनाई यो बर्ष निम्नानुसार प्रोत्साहन भत्ता खर्च गरेको कारण आर्थिक व्ययभार बढ्न गएकोले अनियमित देखिएको रु. | १४४,००० |
| ४० | | | **पारिश्रमिक करः**<br>आयकर ऐन, २०५८ को दफा ८६ अनुसार रोजगार दाताबाट अनुसूची १ बमोजिम कर कट्टा गर्नु पर्ने व्यवस्था छ ।यस पालिकामा कार्यरत कर्मचारीहरु तथा पदाधिकारीहरुको बार्षिक आयमा लाग्ने कर नियमानुसार कट्टी छुट देखिएकोले सम्बन्धितबाट असुल गर्नुपर्ने रु. | ३०३,४२१ |

| क्रस | पद नाम | मासिक रकम | बार्षिक |
|---|---|---|---|
| १ | स्रोत व्यक्ति श्री कृष्ण बहादुर गिरी | १२००० | १४४००० |

| कर्मचारी तथा पदाधिकारीको नाम | खुद बार्षिक आय | कर छुट | कर योग्य आय | कट्टी गरेको | छुट पारिश्रमिक कर |
|---|---|---|---|---|---|
| किरणराज आर सी | ५०३८७० | ४८०००० | २३८७० | ०।०० | २३८७ |
| मान बहादुर गिरी | ५१४१७४ | ४८०००० | ३४१७४ | ०।०० | ३४१७ |
| कृष्णबहादुर घर्ति | ५३७२८४ | ४८०००० | ५७२८४ | ०।०० | ५७२८ |
| कृष्णबहादुर रोकाया | ६२६९८८ | ४८०००० | १४६९८८ | ०।०० | १९३९७ |
| प्रकाश बहादुर शाही | ६५७४७० | ४८०००० | १७७४७० | ०।०० | २५४९४ |
| | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | अध्यक्ष हरिचन्द्र बस्नेत | ९४५००० | ४८०००० | ४६५००० | ०।०० | ९१२५० | | |
| | | | | उपाध्यक्ष रामछाया कुमारी शाही | ७९९००० | ४८०००० | ३१९००० | ०।०० | ५४७५० | | |
| | | | | वडा अध्यक्ष गोपाल बहादुर नेपाली | ५८६१११ | ४८०००० | १०६१११ | ०।०० | ११२२२ | | |
| | | | | वडा अध्यक्ष जनक बहादुर शाही | ५८६१११ | ४८०००० | १०६१११ | ०।०० | ११२२२ | | |
| | | | | वडा अध्यक्ष टेक बहादुर हमाल | ५८६१११ | ४८०००० | १०६१११ | ०।०० | ११२२२ | | |
| | | | | वडा अध्यक्ष कृती बहादुर शाही | ५८६१११ | ४८०००० | १०६१११ | ०।०० | ११२२२ | | |
| | | | | वडा अध्यक्ष लक्ष्मण कुमार सिंह | ५८६१११ | ४८०००० | १०६१११ | ०।०० | ११२२२ | | |
| | | | | वडा अध्यक्ष अमर बहादुर शाही | ५८६१११ | ४८०००० | १०६१११ | ०।०० | ११२२२ | | |
| | | | | वडा अध्यक्ष राम बहादुर शाही | ५८६१११ | ४८०००० | १०६१११ | ०।०० | ११२२२ | | |
| | | | | वडा अध्यक्ष अमर बहादुर रोका | ५८६१११ | ४८०००० | १०६१११ | ०।०० | ११२२२ | | |
| | | | | वडा अध्यक्ष देविका कुमारी सिंह | ५८६१११ | ४८०००० | १०६१११ | ०।०० | ११२२२ | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४१</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नुपर्ने व्यवस्था छ ।सभाबाट स्वीकृत बार्षिक गाउँ।नगर विकास योजना २०७८।७९ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १०-५० लाख सम्म</th><th>५० लाख भन्दा बढी</th><th>जम्मा</th></tr>
<tr><td>२</td><td>१३</td><td>३५</td><td>१९</td><td>३७</td><td>३</td><td>१०९</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख देखि ७० लाख सम्मका जम्मा १०९ वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र २ वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>४२</td><td></td><td></td><td>बिल भरपाई नभएको<br>अर्थिक कार्यबिधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१०) बमोजिम खर्च लेख्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको रकम खर्चमा विल भरपाई वेगर भुक्तानी दिएकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरि दाखिला गर्नुपर्ने रु
<table>
<tr><th>गो भौ नं र मिति</th><th>विवरण</th><th>रकम</th></tr>
<tr><td>१५। ०७८। ६।२३</td><td>लाल आवाज साप्ताहिक लाई विज्ञापन सुचना प्रकाशित वापत भुक्तानी मा फोटोकपि विल पेश भएको देखिएकाले सक्कल विल पेश गर्नुपर्ने रु.</td><td>२२०००</td></tr>
<tr><td>१८७। ०७८। १२।१</td><td>केन्द्र बहादुर बस्नेतलाई वडा नं ३ को कार्यालय मसलन्द खर्च वापत भुक्तानीमा विल भरपाई पेश भएको नदेखिएकाले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु.</td><td>३००००</td></tr>
<tr><td>१९४।</td><td>समाजवादी दृष्ट्रिकोट प्रकाशन प्रा लि लाई २०७८।९।१३ को सम्झौता अनुसार रु.२५०००।०० भुक्तानी दिनुपर्नेमा पालिकाले रु.४५०००।००</td><td>२०</td></tr>
</table></td><td>१,०९१,१४५</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|
| | | | ०७८।१२।६ | भुक्तानी दिएकाले रु.२००००।०० बढी भुक्तानी भएकाले असुल गरि दाखिला गर्नुपर्ने रु. | ००० | |
| | | | १८५।२०७८।११।३० | जिल्ला प्रहरी कार्यालय जाजरकोटको गाडी मर्मत वापत माता मनोकामना अटो पार्टस लाई भुक्तानी भएकोमा फोटोकपी विल पेश भएकोमा सक्कल विल पेश गर्नुपर्ने रु. | ७११४५ | |
| | | | ३४८।२०७९।३।२८ | विना प्रयोजन पालिकाले भुवन आर्चायलाई आर्थिक वर्षको अन्त्यमा पेश्की वापत रकम भुक्तानी दिएकाले लेखापरिक्षणको अवधिसम्ममा कुनै पनि विल भरपाई पेश भएको नदेखिएकोले नियमानुसार व्याज सहित असुल गरि दाखिला गर्नुपर्ने रु. | ६००००० | |
| | | | ३४४।२०७९।३।२७ | निर्वाचन खर्च वापत कोष तथा लेखा नियन्त्रण कार्यालय जाजरकोटलाई रु.१५००००।०० भुक्तानी लेखेको मा पं स २०७८।०७९ चं न १५२(लेखा) मिति २०७८।१२।९ को चेक पठाएको पत्रानुसार जिल्ला निर्वाचन कार्यालय जाजरकोटलाई भुक्तानी दिन मिल्ने देखिदैन । कानुन अनुसार मिल्ने भए प्रमाण पेश गर्ने अन्यथा असुल गरी दाखिला गर्नुपर्ने रु. | १५०००० | |
| | | | **जम्मा** | | **१०९११४५** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४३</td><td></td><td></td><td>पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च<br>पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई विभिन्न संघ संस्था, समूह, क्लव लगायतलाई कार्यक्रम र प्रस्तावको आधारमा पूँजीगत शीर्षकबाट रु.१०००००।०० भुक्तानी दिएको पाईयो ।
<table>
<tr><th>सि.नं.</th><th>भुक्तानी पाउने संस्थाको नाम</th><th>प्रयोजन</th><th>रकम</th></tr>
<tr><td>१</td><td>पृथ्वी एफ एम</td><td>व्यवस्थापन खर्च</td><td>१०००००</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>१०००००</td></tr>
</table>
यस्तो खर्चमा मितव्ययिता कायम गर्नु पर्दछ ।</td><td></td></tr>
<tr><td>४४</td><td></td><td></td><td>भ्रमण खर्च :<br>कर्णाली प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br><br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br><br>• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।<br><br>• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br><br>• स्पष्ट प्रयोजन बेगर पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br><br>तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४५</td><td></td><td></td><td>

**ठेक्का व्यबस्थापनः**

सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली, २०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । गाउँपालिका । गाउँपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा)

<table>
<tr><th rowspan="2">कुल निर्माण खर्च</th><th colspan="2">सोझै खरिद</th><th colspan="2">सिलबन्दी दरभाउपत्र</th><th colspan="2">बोलपत्र</th><th colspan="2">तेश्रो चौमासिकमा व्यवस्था भएको</th></tr>
<tr><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th><th>संख्या</th><th>रकम</th></tr>
<tr><td>९४८२५</td><td>३</td><td>१३३६</td><td>०</td><td>०</td><td>६</td><td>८०६४</td><td>०</td><td>०</td></tr>
</table>

</td><td></td></tr>
<tr><td>४६</td><td></td><td></td><td>

**ईन्धन खर्चः**

आर्थिक कार्यविधि तथा वित्तिय नियमावली, २०७७ को ३९(१०) मा कुनै रकमको भुक्तानी दिँदा रीत पुगे वा नपुगेको जाँच गरी निकासा तथा खर्च गर्नुपर्ने उल्लेख छ । पालिकामा भएको डोजर तथा अन्य सवारी साधन प्रयोग वापत ईन्धन खर्च लेखेकोमा डोजर प्रयोग तथा अन्य सवारी साधनको लगबुक भरेको पाईएन । जसले गर्दा वास्तविक रुपमा कति ईन्धन खर्च भएको हो एकिन गर्ने आधार रहेन । तसर्थ सवारी साधन प्रयोग गरेकोमा लगबुक राखी ईन्धन खर्च मा मितव्ययिता कायम गर्नुपर्दछ ।

<table>
<tr><th>क्र स</th><th>प्रयोजन</th><th>ईन्धन तथा मर्मत</th><th>रकम</th></tr>
<tr><td>१</td><td>डोजर एम्बुलेन्स बाईक</td><td>डिजेल पेट्रोल</td><td>१४१७४३७</td></tr>
<tr><td>२</td><td>सवारी साधन</td><td>मर्मत</td><td>२१७९३४२</td></tr>
<tr><td colspan="3">जम्मा</td><td>३५९६७७९</td></tr>
</table>

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४७ | २६० | २०७९-२-२० | **बढी भुक्तानीः**<br>अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७५ को ७.१.१५ मा सबै प्रकारका तालिम, गोष्ठि, सेमिनार, कार्याशाला सञ्चालन सम्बन्धी व्यवस्था छ । जसअनुसार गाउँपालिका स्तरिय सीप विकास तालिममा कक्षा सञ्चालन वापत रु १४०० का दरले भत्ता भुक्तानी गर्नुपर्ने व्यवस्था छ । पालिकाले प्रकाश बहादुर शाहीको ५ दिने सुचना संचार र प्रविधि सम्बन्धी तालिम सञ्चानल वापत पेश्की फस्र्यौट तथा भुक्तानीमा निम्न प्रशिक्षकहरुलाइ निर्देशिका विपरीत करकट्टी गरी रकम भुक्तानी गरेकोले वढी भुक्तानी भएको रकम असुल हुनुपर्ने रु. | ४५,०५० |

| क्र स | कार्यक्रम | प्रशिक्षक को नाम | पेश भएको दिन र सेशन | भुक्तानी दिएको दर | भुक्तानी दिएको रु | भुक्तानी दिनुपर्ने दर तथा सेशन वापत रु | बढी भूक्तानी रकम रु | कार्यक्रम सञ्चालन मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५ दिने सुचना तथा संचार र प्रविधि सम्बन्धि तालिम | प्रकाश बहादुर शाही लगायत ३ जना | ५ दिनको ५४ सेशन | १५०० | ८१००० | २८००० (एक दिनमा ४ शेसन प्रति शेसन १४०० को दर हुनुपर्ने) | ४५०५० (कर बाहेक) | २०७८ फाल्गुन १५ देखि १९ सम्म |
| **जम्मा** | | | | | | | **४५०५०** | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४८</td><td></td><td></td><td>करार कर्मचारीलाई भत्ताः<br>सामान्य प्रशासन मन्त्रालयको मिति २०७४।१।२५ को पत्रबाट २०७४।७५ बाट लागु हुने गरी करार कर्मचारीको सेवा सुविधाको बारेमा गरेको परिपत्रमा उल्लेखित सेवा सुविधा बाहेक अन्य सुविधा दिन नपाउने व्यवस्था उल्लेख छ । पालिकाले विभिन्न शिर्षकबाट तलव भत्ता खाने गरी देहायका पदमा करार कर्मचारी भर्ना गरि भत्ता भुक्तानी भएको देखिन्छ । यसरी नियम विपरित भत्ता भुक्तानी दिएको नियमसंम्मत नदेखिएको रु.
<table>
<tr><th>सि न</th><th>नाम</th><th>भत्ता शिर्षक</th><th>रकम (मासिक)</th><th>जम्मा(वार्षिक)</th></tr>
<tr><td>१</td><td>प्रकाश बहादुर शाही</td><td>स्थानीय भत्ता अन्य भत्ता संचार भत्ता</td><td>१२८००</td><td>१५३६००</td></tr>
<tr><td>२</td><td>भविन्द्र नेपाली</td><td>फिल्ड भत्ता</td><td>६०००</td><td>७२०००</td></tr>
<tr><td>३</td><td>धन बहादुर सिह</td><td>फिल्ड भत्ता</td><td>६०००</td><td>७२०००</td></tr>
<tr><td>४</td><td>सन्दिप कुमार सिह</td><td>फिल्ड भत्ता</td><td>६०००</td><td>७२०००</td></tr>
<tr><td>५</td><td>दल बहादुर सिह</td><td>फिल्ड भत्ता</td><td>६०००</td><td>७२०००</td></tr>
<tr><td>६</td><td>केशव सिह</td><td>फिल्ड भत्ता</td><td>६०००</td><td>७२०००</td></tr>
<tr><td colspan="4">जम्मा</td><td>५१३६००</td></tr>
</table></td><td>५१३,६००</td></tr>
</table>

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४९</td><td></td><td></td><td>

**शिक्षक दरवन्दी र पदपूर्ति -**

स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ५५ सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ ।

<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">विद्यालय</th><th colspan="4">शिक्षक दरबन्दी</th><th colspan="5">पदपूर्ति</th><th rowspan="2">विद्यार्थी संख्या</th></tr>
<tr><th>दरबन्दी</th><th>राहत</th><th>शिक्षण सिकाई अनुदान</th><th>गाउँ शिक्षक अनुदान</th><th>स्थायी</th><th>करार</th><th>राहत</th><th>शिक्षण सिकाई अनुदान</th><th>गाउँ शिक्षक अनुदान</th></tr>
<tr><td>१</td><td>बाल विकास</td><td>४६</td><td>०</td><td>०</td><td>२५</td><td>०</td><td>४६</td><td>०</td><td>०</td><td>२५</td><td>१४४८</td></tr>
<tr><td>२</td><td>प्रावि</td><td>७८</td><td>५३</td><td>०</td><td>७३</td><td>६७</td><td>११</td><td>५३</td><td>०</td><td>७३</td><td>५०६३</td></tr>
<tr><td>३</td><td>निमावि</td><td>१८</td><td>१७</td><td>४</td><td>३७</td><td>१३</td><td>४</td><td>१७</td><td>४</td><td>३७</td><td>२४०३</td></tr>
<tr><td>४</td><td>मावि</td><td>६</td><td>१०</td><td>१९</td><td>४</td><td>४</td><td>२</td><td>१०</td><td>१९</td><td>४</td><td>१७२८</td></tr>
<tr><td>५</td><td>उमावि</td><td>४</td><td>८</td><td>०</td><td>१</td><td>०</td><td>४</td><td>८</td><td>०</td><td>१</td><td>१३९४</td></tr>
<tr><td colspan="2">जम्मा</td><td>१५२</td><td>८८</td><td>२३</td><td>१४०</td><td>८४</td><td>६७</td><td>८८</td><td>२३</td><td>१४०</td><td>१२०३६</td></tr>
</table>

दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

</td><td></td></tr>
<tr><td>५०</td><td></td><td></td><td>

**समानीकरण अनुदानबाट शिक्षकको तलब भत्ता –**

अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । साविकको जिल्ला शिक्षा कार्यालयबाट अनुमति प्राप्त गरी सञ्चालनमा रहेका र कुनै पनि दरबन्दी तथा राहत अनुदान कोटा प्राप्त नगरेका विद्यालयलाई शिक्षक व्यवस्थापन गर्ने गरी नयाँ शैक्षिक सत्र सञ्चालनका लागि सहयोग अनुदान दिन सकिने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु.१ करोड १४ लाख ९४ हजार तलब भत्ता भुक्तानी गरेको पाईयो । नियमावलीमा भएको व्यवस्था विपरीतको कार्य नियमसम्मत नदेखिएको रु

</td><td>११,४९४,०००</td></tr>
</table>



https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५१ | | | **विद्यालय भौतिक पूर्वाधार निर्माण-**<br>शिक्षा तथा मानव श्रोत विकास केन्द्रले प्रकाशन गरेको कार्यक्रम कार्यान्वयन पुस्तिका २०७८।७९ को क्रियाकलाप नं ११.१.२.१ मा प्रत्येक स्थानीय तहले विद्यालय भौतिक पूर्वाधार कार्यक्रमहरु कार्यान्वयन गर्दा सम्पूर्ण निर्माण कार्य नेपाल राष्ट्रिय भवन संहिता, २०६० अनुसार गर्नु गराउनु पर्ने, स्थानीय तह अन्तर्गतका विद्यालयमा हुने भौतिक निर्माणका कार्यहरु स्थानीय तहले आफ्नो प्राविधिक मार्फत सुपरीवेक्षण गराउने र कार्यसम्पादन प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । साथै राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम कार्यान्वयनका लागि शिक्षा तथा मानव श्रोत विकास केन्द्रद्वारा मिति २०७९।१।५ च.नं. ६०१ को निर्देशनको बुँदा नं. २ अनुसार प्राप्त कार्यक्रम अनुरुप तोकिएको डिजाइन ड्रइङ तथा लागत अनुमान अनुसार २ कोठे तथा ४ कोठे भवन निर्माण गर्नुपर्ने व्यवस्था छ । उक्त कार्यक्रमका लागि देहायका विद्यालयलाई रु. १ लाख २६ हजार निकासा भएको छ । तर विद्यालय निर्माणसँग सम्बन्धित कागजात सम्बन्धित विद्यालयहरुले पालिकामा पेश गरेका छैनन् । तसर्थ निर्माणसँग सम्बन्धित कागजात तथा कार्य सम्पन्न भएको प्रतिवेदन पेश गर्नुपर्ने रु.<br><table><tr><th>सि न</th><th>विद्यालयको नाम</th><th>कार्यक्रम</th><th>रकम</th></tr><tr><td>१</td><td>ने रा मा वि कुशे ७</td><td>४ कोठे भवन निर्माण</td><td>३६०००००</td></tr><tr><td>२</td><td>सरस्वती मावि कुशे ८</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr><tr><td>३</td><td>श्री जनता प्रा वि कुशे ९</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr><tr><td>४</td><td>श्री थर्पू मावि कुशे ५</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr><tr><td>५</td><td>कालिका आ वि कुशे ५</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr><tr><td>६</td><td>पशुपति मावि कुशे ५</td><td>२ कोठे भवन निर्माण</td><td>१८०००००</td></tr></table> | १२,६००,००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **लक्ष्मी प्राप्ति मावि आरसीसी भवन निर्माणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(४) मा उपभोक्ता समिति वा लाभग्राही समुदायलाई निर्माण कार्यको बिल भुक्तानी दिँदा लागत अनुमानमा रहेको मुल्य अभिबृद्धि कर, ओभरहेड कन्टिन्जेन्सी रकम र जनसहभागीताको अंश कट्टा गरेर मात्र भुक्तानी दिनु पर्ने व्यवस्था छ । यस विद्यालयको भवन निर्माणको लागि आ व २०७६।७७ मा शिक्षा विकास निर्देशनालय सुर्खेतबाट कूल रकम रु ५० लाख विनियोजन र रु २२४८५६२।२२ को श्रमदान गर्ने गरी रु ७२४८५६२।२२ को लागत अनुमान निर्माण गरी कार्य भएकोमा विद्यालयले श्रमदान गर्न सकिन भनेर गाउँपालिकामा निवेदन दिएको पाइयो । गाउँपालिकाको मिति २०७७।३।१० मा बसेको गाउँसभाबाट रु २० लाख बजेट व्यवस्थापन गरेको पाइयो । अनुदानको प्रलोभनमा पहिले सम्झौता गर्ने र पछि सम्झौता अनुसारको श्रमदान गर्न सकिन भनेर कार्य पूरा नगरी पुनः अनुदान माग्ने सम्बन्धीतलाई जिम्मेवार बनाईनुपर्दछ । कुशे गाउँपालिकाको श्रमदान गर्ने निर्णय अनुसार सडक निर्माणमा १५ प्रतिशत र अन्यमा ६ प्रतिशत श्रमदान हुनुपर्ने व्यवस्था रहेकोमा उक्त विद्यालयले पेश गरेको कार्यसम्पन्न प्रतिवेदनमा कूल रु ६९८१५४४।५९ को मात्र काम भएको छ । विद्यालयलाई रु १८४५५।४१ वढी भुक्तानी भएको देखिन्छ भने श्रमदान वापतको रकम ४१८८९२।६७ कट्टा गरेर मात्र बाकी रकम भुक्तानी गर्नुपर्दथ्यो । उक्त विद्यालयबाट वढी भुक्तानी भएको रकम रु १८४५५।४१ र अनुपातिक कट्टी वापतको रकम रु ४१८८९२।६७ गरी रु ४३७३४८ असुल गर्नुपर्ने रु | ४३७,३४८ |
| ५३ | | | **मालिका क्याम्पस जोड्ने सडक निर्माणः**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ (६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक, मूल्यांकन, बिल, भर्पाइ र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समुदायको बैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्ने व्यवस्था रहेको छ ।यस कार्यका लागि मालिका क्याम्पस जोड्ने सडक निर्माण उ स लाई निर्माण कार्य वापत रु ४५०००० भुक्तानी भएको छ ।उपभोक्ता समीतिले पेश गरेको विलभर्पाईमा सडक निर्माण वापत मेशसिनको प्रयोग भएको छ । जसमा ५८ घण्टा बकेटले कार्य गरेको विल पेश भएको छ । त्यसैगरी श्रेष्ठ आयल स्टोर एण्ड सप्लायर्सबाट २४६९ लिटर ईन्धन खरिद गरेको भनी रु २२००९१ को विल पेश भएको छ । पालिकाबाट सञ्चालित अन्य सडक निर्माणको कार्यमा बकेटले प्रतिघण्टा २० लिटर ईन्धन खपत गरेको पाइएकोमा यस योजनामा प्रतिघण्टा ४२।५७ लिटर ईन्धन खपत भएको भन्ने विल पेश हुन आएको छ । यसरी प्रतिघण्टा २२।५७ लिटर वढी ईन्धन खपत भयो भनी रु ११६६८७ को वढी विल पेश भएको छ । उक्त बढी ईन्धन वापत भुक्तानी भएको रकम उपभोक्ताबाट असुल गर्नुपर्ने रु | ११६,६८७ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५४ | | | **औषधी खरिद**<br>औषधी खरिद – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु.१९ लाख १० हजार का औषधि सोझै खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नअनुसार छनः<br>• खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>• आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>• औषधिको खर्च घटाउदा मागफारामको आधारमा घटाउनु पर्नेमा एकमुष्ट रुपमा घटाउने गरेको ।<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसारकै औषधि प्राप्त भएको नभएको यकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी सारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रमः**<br>नेपाल सरकार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय मार्फर शसर्त अनुदानका रुपमा उपलब्ध हुने बजेटलाई गरीबि निवारणमा लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका २०७७ मा भएको व्यवस्था बमोजिम गरीबि निवारणका लागि विभिन्न सिप विकास कार्यक्रमहरु सञ्चालित गर्नुपर्ने व्यवस्था रहेको छ । यस पालिकाबाट सञ्चालित मेड्पा तालिम सम्बन्धमा निम्न व्यहोरा देखिएका छनः<br><br>• सशर्त चालुको १६९।२०७९।३।१ बाट यस कार्यक्रम अन्तर्गत कार्यक्रम संयोजक सुशिल रोकायाले सिलाई कटाई तालिम सञ्चालनका लागि प्रशिक्षक नियुक्त गर्दा दैनिक १५०० का दरले ९० दिनको रु १३५००० मा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी गरेर रकम भुक्तानी गरेको पाइयो । दैनिक दरमा प्रशिक्षक नियुक्ति गर्दा पारिश्रमिक कर कट्टी गर्नुपर्नेमा सामाजिक सुरक्षा कर मात्र कट्टी गरेकोले बाँकी १४ प्रतिशत कर रु १८९०० का दरले २ जनाको रु ३७८०० असुल गरी दाखिला गर्नुपर्ने रु<br><br>• यस सिलाई कटाई तालिमको पारिश्रमिक रकम कार्यक्रम संयोजक सुशिल रोकायाले प्रशिक्षकहरु नवीन परियार र परिमले दमाईलाई बुझाएको कुनै पनि प्रमाण उपलब्ध नभएकोले प्रमाण पेश गर्नुपर्ने<br><br>• २६२।२०७९।३।२४ बाट यस कार्यक्रम अन्तर्गत ४५ दिने हातेहोजियारी सम्बन्धी सिप विकास तालिममा प्रशिक्षक वापत मोतिकला सार्कीलाई नियुक्त गर्दा सम्झौता वेगर दैनिक १५०० का दरले ४५ दिनको रु ६७५०० मा १ प्रतिशत सामाजिक सुरक्षा कर मात्र कट्टी गरेर रकम रु ६६४८८ भुक्तानी गरेको पाइयो । दैनिक दरमा प्रशिक्षक नियुक्ति गर्दा पारिश्रमिक कर कट्टी गर्नुपर्नेमा सामाजिक सुरक्षा कर मात्र कट्टी गरेकोले बाँकी १४ प्रतिशत कर रु ९४५० असुल गरी दाखिला गर्नुपर्ने रु<br><br>• यस हातेहोजियारी सम्बन्धी सिप विकास तालिममा प्रशिक्षक वापत मोतिकला सार्कीलाई नियुक्त गर्दा प्रशिक्षकको परिचय खुल्ने कागजात, प्रशिक्षण गर्न योग्य प्रमाणपत्र नभएकोले आवश्यक कागजात प्रमाण पेश गर्नुपर्ने | ४७,२५० |
| ५६ | | | **छोरी सुरक्षा कार्यक्रमः**<br>बैंक खाता छोरीको¸ सुरक्षा जीवन भरिको कार्यक्रम सञ्चालन कार्यविधि २०७६ को दफा ४ मा वि.स. २०७६ श्रावण १ गते वा सो भन्दा पछि जन्मीएका कर्णाली प्रदेश भित्रका छोरीलाई प्रदेश सरकारले निज छोरी २० वर्षको हुँदा सम्म जन्मेको पहिलो महिनाको रु १०००। र त्यसपछि मासिकरु ५००। का दरले बैंक खातामा रकम जम्मा गरिदिने व्यवस्था छ । त्यसै गरी कार्यक्रममा सहभागी छोरीले माध्यामिक तहसम्मको अध्ययन पुरा नगरेमा वा अध्ययन बिचैमा छोडेमा¸ २० वर्ष नपुग्दै विवाह गरेमा सो रकम उपलव्ध नगराउने समेत उल्लेख भएबाट गाउँपालिकाले रकम बैकखातामा जम्मा गर्नु अघि ती छोरीहरुको स्थिति¸ अवस्थाका बारेमा स्पष्ट हुनुजरुरी छ । प्रति छोरीको २० वर्षसम्म अभिलेख अद्यावधिक गर्नुपर्ने र प्रत्येक वर्ष जन्मेका थप छोरीको समेत अभिलेख अद्यावधिक गर्दै जानुपर्ने¸ अनुगमन संयन्त्र वनाउनु पर्नेमा पालिकामा ३११ जना छोरीको दर्ता किताब मात्र तयार गरी बैंकमा रकम रु १५९५००० पठाएको हुंदा वर्षहरुमा थप हुँदै जानेको संख्या समेत अभिलेख तयार गर्ने तर्फ ध्यानाकर्षण हुनजरुरी देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५७ | | | **एफ एम रेडियोलाई अनुदानः**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ । जसबाट नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउन मिल्दैन ।पालिकाले श्री मध्य पहाड संचार केन्द्रद्धारा सञ्चालित सामुदायिक रेडियो पृथ्वी एफ एम १०२.२ मेगाहर्ज (दर्ता नं १४७।०६४।६५, पान नं ३०२७१८१८० र इजाजत नं ७०५।०७८।७९) कुशे ६ भार्मा जाजरकोटलाई एफ एम स्थापनार्थ र सञ्चालानार्थ रु २६ लाख रकम अनुदान दिएको पाइयो । उक्त रकम खर्च गरेका कागजात समेत पालिकामा पेश गरेको पाइएन । पालिकाबाट सेवाग्राही सम्म पुर्याउनु पर्ने जानकारी तथा सुचनाहरु प्रशारण गर्दा पालिकाबाट शुल्क लिने गरेको पाइयो । यसरी पालिकाको अनुदान सहयोगमा सञ्चालित एफ एम ले पालिकाकै सुचना प्रशारण गरेवापत शुल्क लिनु औचित्यपरक देखिएन । लेखापरीक्षणको क्रममा जाँच गर्दा उक्त एफ एम सञ्चालनमा समेत रहेको पाइएन । त्यसैले उक्त एफ एम लाई दिएको अनुदान रकमको सही सदुपयोग भएको सम्बन्धमा आश्वत हुन नसकिएकोले भुक्तानी भएको रकम अनियमित देखिएको रु | २,६००,००० |
| ५८ | | | **कृषि कार्यक्रम तर्फः**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ ।विउ विजन खरिद, विरुवा खरिद, कृषि सामाग्री, मेशीन लगायतका सामान खरिद गरी कृषकलाई वितरण गरेको भर्पाइ संलग्न गर्ने गरेको पाइयो भने अनुगमन भत्ता खर्च लेख्दा निरिक्षण अनुगमन प्रतिवेदन लिने गरेको पाइएन । त्यस्तै गरी वितरण भर्पाइ कार्यालय प्रमुखबाट प्रमाणित हुने गरेको छैन । अतः कृषक छनौटको आधार, वितरित बिउ, विजन बिरुवा, कृषि सामाग्री कृषकले प्राप्त गरेको र सदुपयोग भएको सुनिश्चित हुने निरीक्षण अनुगमन प्रतिवेदन पेश हुनु पर्दछ भने वितरित विउ विजन बिरुवाको परिमाण ठुलो देखिएकोले त्यस्ता विरुवा विउ विजन प्रयोग हुने जग्गा कृषकसँग रहेको प्रमाण समेत अनुगमन निरिक्षण हुनुपर्दछ । | |

| भौ. नं. मिति | विवरण | विउ विजनको मूल्य |
|---|---|---|
| प्रदेश चालु ३।२०७८।९।२७ | मूला १५०० प्या, रायो १५०० प्या विउ खरिद | ९७५०० |
| ५।२०७८।१२।२ | काउली २४०, बन्दा २३५, टमाटर २३५ प्या विउ खरिद | २३९३८० |
| गापा कृषि चालुबाट | सुन्तलाको बिजु विरुवा ८२००, कागतिको ४००० वोट | ३०५००० |
| ९७।२०७८।११।२७ | विउ खरिद सिमि, गाजर, मूला, भाजी, काक्रो लगायत | २०२५०० |
| २६४।२०७९।३।२४ | विरुवा खरिद ओखर १५०, कागति ५०० र टिमूर १००० वोट | ६८०००० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५९ | | | **अनुदानको अनुगमन –**<br>सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । तर पालिकाले ५ कृषि तथा पशुसेवा सहकारी संस्था र समूहलाई बीउपूँजी तथा अनुदानमा रु. २० लाख २ हजार अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६० | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम –**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेको छ ।तर पालिकामा रोजगार संयोजकको अभावमा निर्देशिकामा भएको व्यवस्था बमोजिमको ज्याला भुक्तानी गर्न नसकी सम्पूर्ण रकम फिर्ता गर्नुपरेको भन्ने कार्यालयको भनाई रहेको छ ।पालिकाले निर्देशिकामा भएको व्यवस्था बमोजिम कार्य गर्नुपर्दछ । | |
| ६१ | | | **मूल्य अभिवृद्धि कर कट्टी –**<br>आर्थिक ऐन, २०७६ ले गरेको व्यवस्था अनुसार सरकारी कार्यालयले २०७६।२।१६ देखिको ठेक्का वा करार अन्तर्गतको भुक्तानीमा मू.अ.कर रकमको ३० प्रतिशत सम्बन्धीत राजस्व शीर्षकमा र बाँकी ७० प्रतिशत सम्बन्धीत फर्मलाई भुक्तानी दिनुपर्ने उल्लेख छ । तर पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम रु. ४७०४९ कट्टी गरी राजस्व दाखिला नगरी फर्मलाई नै भुक्तानी दिएको देखिन्छ । तसर्थ उक्त रकमको कर समायोजन प्रमाण पेश हुनेपर्ने अन्यथा असुल हुनुपर्ने रु. | ४७,०४९ |

| गोभौनं./मिति | भुक्तानी पाउनेको नाम | प्यान नं. | मुअकर कर रकम | ५० प्रतिशत रकम |
|---|---|---|---|---|
| शसर्तको ४।२०७८।४।११ | एस के ईन्जिनियरिङ्ग इन्ड्सट्रिज | ३०००३१०४३ | १५६८२९।८३ | ४७०४९ |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६२</td><td></td><td></td><td>भुक्तानीमा कर –<br>आयकर ऐन, २०५८ को दफा ८८ र ८९ मा भुक्तानीमा अग्रिम कर कट्टा गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायका भुक्तानीमा नियमानुसार लाग्ने अग्रिम कर कट्टी गरेको छैन । तसर्थ उक्त कर असुल हुनुपर्ने रु
<table>
<tr><th>गोभौनं./मिति</th><th>विवरण</th><th>भुक्तानी रकम</th><th>करको दर</th><th>कर रकम</th></tr>
<tr><td>सशर्त पूँजीगतको १२।२०७८।१२।२३</td><td>मालटाकुरा मावि कुसे आइसिटी निर्माण</td><td>६५००००</td><td>१.५ %</td><td>९७५०</td></tr>
<tr><td>९।२०७८।११।२३</td><td>लक्ष्मी प्राप्ति मावि आइसीटी निर्माण</td><td>६५००००</td><td>१.५ %</td><td>९७५०</td></tr>
<tr><td>शसर्त चालुको १९८।२०७९।३।१९</td><td>लक्ष्मी प्राप्ति मावि पुस्तकालय निर्माण</td><td>६५००००</td><td>१.५ %</td><td>९७५०</td></tr>
<tr><td>विविध खर्च खाताको १८।२०७९।३।२५</td><td>विकास बस्नेत कार्यालय साम्रगी खरिद</td><td>४२८२५०</td><td>१.५ %</td><td>६४२४</td></tr>
</table>
</td><td>३५,६७४</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६३ | | | **अधुरा आयोजना –**<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष देहायअनुसार रु.१ करोड १२ लाख ७९ हजार का ४ योजनाको कार्य सम्पन्न हुन नसकि जिम्मेवारी सारेको छ । यस प्रकारको दायित्व बिगत वर्षहरुको समेत सार्दै आएको छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी अधुरो रहन गएको उपयुक्त देखिएन । | |

| योजनाकोनाम | निर्माण व्यवसायी | सम्झौता रकम | सम्झौता मिति | पेश्की | एस आ व माभुक्तानि भुक्तानी भएको रकम | हालसम्म भुक्तानीभएको रकम | अपुग रकम |
|---|---|---|---|---|---|---|---|
| जलजलाप्रा वि दुईकोठे भवन | हिमालीकनस्ट्रक्सन सेवा कुशे ३, जाजरकोट | ३५०१३२३।०३ | ०७८।०१।२९ | ७००००० | २४०८०५५।६१ | ३१०८०५५।६१ | ३९३२६७।४२ |
| पैक मालिका बहुमुखि क्याम्पस | डाँफेबिल्डर्स, खलंगा २ जाजरकोट | ८१३०९२५।३३ | ०७८।०३।१६ | १६२६००० | 0 | - | ६५०४९२५।३३ |
| आरसिसि विद्यालय निर्माण | खड्का सन्तोष जेभि चिसापानी ३ बाँके | १०११३८५०।१९ | ०७६।०२।२४ | ९४०००० | २९९५९७८।६६ | ५९८१६८०।११ | ४१३२१७०।०८ |
| डांडाटोल खा .पा निर्माण तथा खरिक टोल पाइप विस्तार योजना | महादेवकन्स्ट्रक्सन चौरजहारी ४, रुकुम | ९९४३८१।७० | | | ७४०३१४।७१ | ७४०३१४।७१ | २५४०६६।९९ |
| **जम्मा** | | **२२७४०४८०।२५** | | **३२६६०००** | **६१४४३४९** | **९८३००५०।४३** | **११२८४४२९।८२** |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६४</td><td></td><td></td><td>नन्फाइलर –<br>मूल्य अभिवृद्धि कर ऐन, २०५२ को दफा १८ मा भुक्तानीमा प्राप्त मूल्य अभिवृद्धि करको विवरण भुक्तानी पाएको अर्को महिनाको २५ गतेभित्र सम्बन्धित आन्तरिक राजस्व कार्यालयमा कर विवरण सहित दाखिला गर्नुपर्ने व्यवस्था छ । तर पालिकाबाट देहायका फर्मलाई मू.अ.कर रु. ५३०५३३।०० समेत रु.४०३७५४०।०० भुक्तानी दिएकोमा लेखापरीक्षण अवधिसम्म पनि ती फर्महरु कर विवरण नबुझाई नन्फाईलर रहेको पाइयो । कानूनी व्यवस्थाअनुसार विवरण नबुझाएकोले कर समायोजन नभएको प्रमाण पेश हुनुपर्ने रु.<br><br>
<table>
<tr><th>गोभौनं./मिति</th><th>भुक्तानी पाउनेको नाम</th><th>प्यान नं.</th><th>भुक्तानी रकम</th><th>मुअकर कर रकम</th><th>नन्फाइलर रहेको मिति</th><th>कैफियत</th></tr>
<tr><td>२३।०७९।२।३०</td><td>खडका सन्तोष जेभि</td><td>६१०७४०३५८</td><td>२९९५९७८</td><td>३४४६७०</td><td>२०७६ एम ११</td><td>अघिल्लो आ.ब. ०७७।०७८मा भुक्तानी लिएको रु.२९८५७०१।४४ को मु.अ.कर रु.३४३४८९। समेत नबुझाएको।</td></tr>
<tr><td>८०।०७९।३।१</td><td>कैलाश कन्स्ट्रक्सन</td><td>६१३१२४११७</td><td>३०१२४८</td><td>३४६५७</td><td>२०७८ एम ८</td><td></td></tr>
<tr><td>१०६।०७९।३।२३</td><td>महादेव कन्स्ट्रक्सन</td><td>६०७९०४२५९</td><td>५९३६०९।९६</td><td>६६०३७</td><td>२०७९ एम १</td><td></td></tr>
<tr><td>११८।०७९।३।२४</td><td>महादेव कन्स्ट्रक्सन</td><td>,, ,,</td><td>७४०३१४</td><td>८५१६९</td><td>,, ,,</td><td></td></tr>
<tr><td></td><td>जम्मा</td><td></td><td>४०३७५४०</td><td>५३०५३३</td><td></td><td></td></tr>
</table></td><td>५३०,५३३</td></tr>
<tr><td>६५</td><td></td><td></td><td>विल वेगर भुक्तानी :-<br>आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली २०७७ को ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने विल, भर्पाइ, प्रमाण र कागजात संलग्न हुनुपर्दछ १०६।०७९।३।२३ दल्लेनी खानेपानी निर्माणको अन्तिम विल वापत महादेव कन्स्ट्रक्सन चौरजहारी रुकुमलाई विमा वापत रु.१९५९२।०० खर्च लेखेकोमा बिमाको विल संलग्न नभएकोले विमाको विल पेश गर्नुपर्ने रु…</td><td>१५,५९२</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६६ | | | **म्याद थप र पूर्वनिर्धारित क्षतिपूर्ति सम्बन्धमाः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२० को उप नियम ६ मा सुरु सम्झौताको पचास प्रतिशतभन्दा बढी हुने गरी म्याद थप गर्न नपाइने व्यहोरा उल्ल्ख छ भने नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्तिको व्यवस्था छ ।पालिकाले पञ्चासे देखि चौराठा हुदै परिपैक खानेपानी आयोजना निर्माण वापत डि एन निर्माण सेवालाई कूल १६५९१६६।९२ कामको भुक्तानी गर्दा निर्माण व्यावसायीले म्याद मै काम पूरा नगर्दा Liquidated damage deduction भनी कूल रकमको प्रतिदिनको ०.०५ प्रतिशत रकम रु ९९५३७।४२ कट्टा गर्दा उक्त रकम गो भौ मा धरौटी कट्टा भनेर कट्टी गरी धरौटी खातामा आम्दानी बाधेको छ । उक्त रकम धरौटी फिर्ता नगरी सम्बन्धीत निकायमा फिर्ता गर्नुपर्ने रु | ९९,५३८ |
| ६७ | | | **प्राविधिक बिल र कार्य सम्पन्नः**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ । | |
| ६८ | | | **लागत सहभागिता —**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने देखिन्छ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>६९</td><td></td><td></td><td>
जटिलसंरचना निर्माण –<br>
सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड टंकी, निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत् गराउने गरेको देखियो । यस्ता कार्य व्यावसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन् :
<table>
<tr><th>गोभौनं./मिति</th><th>उपभोक्ता समितिको नाम</th><th>कामको विवरण</th><th>भुक्तानी रकम</th></tr>
<tr><td>प्रदेश पूँजीगतको १५।२०७९।३।२५</td><td>जिल स्मृति अन्डरग्राउण्ड सभाहल निर्माण उ स</td><td>अन्डरग्राउण्ड सभाहल निर्माण</td><td>१६५००००</td></tr>
</table>
नियमाबलीको ब्यबस्था अनुरुप कार्य गराउनुपर्दछ ।
</td><td></td></tr>
<tr><td>७०</td><td></td><td></td><td>
निर्माण व्यावसायीले कर विजक पेश नगरेकोः<br>
मूल्य अभिवृद्धि कर ऐन २०५२ को दफा १४ मा दर्ता भएको विक्रेताले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा प्रापकलाइ अनिवार्य विजक दिनुपर्ने व्यवस्था छ भने दफा १८ मा मूल्य अभिवृद्धि करमा दर्ता भएको फर्मले रितपुर्वकको कर विजक जारी गर्नुपर्दछ । पालिकाले देहायका उपभोक्ता समितिलाई सडक निर्माण वापत रकम भुक्तानी गर्दा मेशीन प्रयोग गरी कार्य गरेको देखिन्छ । उपभोक्ता समितिले कार्य गरेवापत निर्माण व्यावसायी सँग डोजरको सम्झौता गरी उक्त निर्माण व्यावसायी लाई भर्पाईको आधारमा रकम भुक्तानी गरेको छ ।तसर्थ उक्त मेशिन वापत खर्च भएको मूल्य अभिवृद्धि कर र मूल्य अभिवृद्धि कर ऐन २०५२ अनुसार लाग्ने जरीवाना समेत हिसाव गरी संघिय संचित कोषमा दाखिला गर्नेपर्ने रु
<table>
<tr><th>गो.भौ.नं. र मिति</th><th>उपभोक्ता समिति</th><th>मेसिनको रकम भुक्तानी लिनेको नाम</th><th>मेशिन प्रयोग भै भुक्तानी भएको रकम रु.</th><th>मूल्य अभिवृद्धि कर</th></tr>
<tr><td>गापा शिक्षा पूर्जीँगतको ४०।२०७९।३।२२</td><td>पुतली मावि फिल्ड निर्माण उ स</td><td>सुरेन्द्र शाही</td><td>२२०५००</td><td>२५३६७</td></tr>
<tr><td></td><td></td><td></td><td></td><td></td></tr>
</table>
</td><td>२५,३६७</td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ७१ | | | **कार्य सम्पन्न प्रतिवेदन -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५(२) मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न प्रतिवेदन तयार गर्ने व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकृत ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था देखिएन । | |
| ७२ | | | **सार्वजनिक परीक्षण -**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवाफदेहिता र पारर्दशिताको प्रर्वद्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ ।यसतर्फ पालिकाले ध्यान दिनुपर्दछ। | |
| ७३ | | | **गुणस्तर परीक्षण -**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपुर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । स्थानीय तहले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गरेको पाइएन । | |
| ७४ | | | **योजना परिर्वतन :**<br>कार्यालयले उपलव्ध गराएको विवरण अनुसार गाउँसभाबाट पारित भएका योजना मध्ये ४ वटा योजना तथा अन्य नयाँ गरी २७ गोटा योजना सञ्चालन गरेको देखियो । योजना परिर्वतन गर्नुपर्नाको कारण उल्लेख छैन । पुँजीगत निर्माणको कामबाट स्वास्थ्य चौकिलाई औषधी खरिद एवं कनै समुदायमा भोज भतेरको लागि भाडा खरिदगरेको समेत देखियो । यस्तो कार्यमा नियन्त्रण हुनुपर्दछ । | |
| ७५ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख :**<br>सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७८/७९ मा कन्टीन्जेन्सी बापत रु.१३ लाख ६९ हजार कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>७६</td><td></td><td></td><td>सामाजिक सुरक्षातर्फः<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रुपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अध्यावधिक गरी लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, भत्ता वितरण गर्दा बैंक मार्फत भत्ता वितरण गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चलान गर्न नियमित रुपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सूचना प्रणालीमा प्रविष्टी गरि अधावद्यिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्वन्धित स्थानीय निकायको हुने व्यवस्था गरेको छ । यस सम्बन्धमा निम्नअनुसार व्यहोराहरु देखिएका छनः</td><td></td></tr>
<tr><td>७६.१</td><td></td><td></td><td>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि २०७७ अनुसूची ८ को शर्त ६ अनुसार गाउँपालिका र नगरपालिका बाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण सहितको (Reverse Feed) विवरण पेश गर्नुपर्ने ब्यवस्था रहेकोमा गाँउपालिकामा उक्त शर्तअनुसार वैकवाट चौमासिक रुपमा जम्मा भएको विवरण अनुसार बैक मार्फत रु ५१४३७९.८३ फिर्ता गर्नुपर्ने देखिएको छ । पालिकाले कार्यविधिको पालनामा ध्यान दिनुपर्दछ ।</td><td></td></tr>
<tr><td>७६.२</td><td></td><td></td><td>पालिकाले यस आवमा सामाजिक सुरक्षा भत्ता ३ वटै चौमासिकमा बैकिङ प्रणाली मार्फत लाभग्राहीको बैक खातामा वितरण गरेको देखियो । साथै पालिकाले मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम मूल अभिलेखबाट कट्टा गर्नुपर्दछ ।</td><td></td></tr>
<tr><td>७७</td><td></td><td></td><td>अनुगमन तथा सम्परीक्षण<br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फस्यौंट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फस्यौंट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।
<table>
<tr><th>गत वर्षसम्मको बेरुजू<br>(A)</th><th>यो वर्ष संपरीक्षण गरिएको बेरुजू<br>(B)</th><th>गत बर्षसम्मको बाँकी बेरुजू<br>(C=A-B)</th></tr>
<tr><td>१२९७२१</td><td>४४६१३</td><td>८५१०८</td></tr>
</table>
यस वर्ष फस्यौंट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।
<table>
<tr><th rowspan="2">सि.नं.</th><th rowspan="2">आ.व.</th><th rowspan="2">वेरुजु दफा नं.</th><th rowspan="2">वेरुजुको संक्षिप्त व्यहोरा</th><th colspan="4">फछ्र्यौटको आधार</th><th>सम्परीक्षण</th></tr>
<tr><th>असुली</th><th>प्रमाण</th><th>नियमित</th><th>पेश्की</th><th></th></tr>
<tr><td>१</td><td>२०७७।७८</td><td>५३</td><td>सामाजिक सुरक्षा रकम आवश्यक प्रमाण कागजात</td><td>०</td><td>०</td><td>०</td><td>३५९१४७४३</td><td>३५९१४७४३</td></tr>
</table></td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | पेशका आधारमा पेश्की फस्यौंट | | | | | | |
| | | | २ | २०७७।७८ | ६३ | तपशील कर्मचारिहरुको बेरुजु रकम असुल गरी दाखिला<br>क) श्री लालभक्त शाही<br>ख) सुवास विक्रम शाही<br>ग) तुल बहादुर डाँगी<br>घ) खेम राज थापा<br>ङ) कृष्ण बहादुर रोकाय<br>च) शिव कुमार शाह<br>छ) प्रकाश बहादुर शाही | १४४४४४.१ | ० | ० | ० | १४४४४४.१ | |
| | | | ३ | ६६ | २०७७।७८ | आवश्यक प्रमाण कागजात पेश | ० | ११२५००० | ० | ० | ११२५००० | |
| | | | ४ | ६७ | २०७७।७८ | तपशिल विद्यालयहरुको आवश्यक प्रमाण कागजातका पेश<br>क) विरेन्द्र मावि<br>ख) माल्टाकुरा मावि<br>ग) तपधेनु मावि | ० | ५४००००० | ० | ० | ५४००००० | |
| | | | ५ | ६८ | २०७७।७८ | तपशिल व्यक्तिहरुको आवश्यक प्रमाण कागजातका पेश | ० | ३७५००० | ० | ० | ३७५००० | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | क) रते सार्की<br>ख) कालो कामी<br>ग) दलजित नेपाली<br>घ) शेर बहादुर रोकाय<br>ङ) धन बहादुर वली<br>च) कलकती नेपाली<br>छ) धने सार्की<br>ज) गोविन्द सार्की | | | | | | |
| | | | ६ | ७८ | २०७७।७८ | तपशील कर्मचारीहरु र संस्थाको रु १६३२२२७ म्याद नाघेको पेश्की र निर्माण व्यवसायीहरुको रु १०९०००० को आवश्यक कागजातका आधारमा पेश्की फर्स्यौंट<br>क) विकास बस्नेत<br>ख) मान बहादुर गिरी<br>ग) कृष्ण बहादुर गिरी<br>घ) जितेन्द्र खड्का<br>ङ) जनक बहादुर शाह<br>च) विकास बस्नेत<br>छ) मान बहादुर गिरी<br>ज) नरेन्द्र जैसी<br>झ) महादेव कन्स्ट्रक्सन | ० | ० | ० | १६३२२२७ | १६३२२२७ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | ज) हिमाली कन्स्ट्रक्सन | | | | | |
| ७ | ८०.१ | २०७७।७८ | आवश्यक प्रमाण कागजात पेश | ० | ० | २१५०० | ० | २१५०० |

**उल्लिखित सम्परीक्षणबाट निम्नानुसार थप वेरुजु कायम भएको छ ।**

| सि.नं. | आ.व. | वेरुजु दफा नं. | वेरुजुको संक्षिप्त व्यहोरा | रकम |
|---|---|---|---|---|
| १ | २०७७।७८ | ७८ | विकास बस्नेत पे फ गर्दा अग्रिम कर कट्टी नभएको | ८७७५ |
| २ | २०७७।७८ | ६७ | बिरेन्द्र प्रावि भवन निर्माण वापत कर कट्टी नभएको | ३८०७८ |
| जम्मा | | | | ४६८५३ |

**अद्यावधिक वेरुजु -** यस पालिकाको २०७८।७९ सम्मको फस्यौंट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू(B) | यो वर्ष कायम बेरुजू(C) | संपरीक्षणबाट कायम बेरुजू(D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| १२९७२१ | ४४६१३ | **४०७७७** | ४७ | १२५९३२ |


https://nams.oag.gov.np

https://nams.oag.gov.np